# याङ्वरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थर्पु, पाँचथर
कोशी प्रदेश, नेपाल

सूचना नं. :०३-२०८१/०८२

मिति : २०८१/०४/१०

**विषय : सिलबन्दी दरभाउपत्र आब्हानको सूचना ।**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०४/१०**

उपरोक्त सम्बन्धमा कोशी प्रदेश सकारको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन २०८१ र यस गाउँपालिका राजश्व शाखाले तयार गरी स्विकृत भएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम यस गाउँपालिकाले चालु आ.व. २०८१/०८२ को लागि आन्तरिक आय पूर्वाधारजन्य वस्तुहरु (ढुङ्गा, गिटी, वालुवा, रोडा, ग्राभेल, माटो लगायतको बिक्रि कर) संकलन ठेक्का निम्नानुसार बन्दोवस्त गर्नुपर्ने भएकाले प्रचलित नेपाल कानुन बमोजिम इच्छुक योग्य फर्म वा कम्पनी संस्थाहरुबाट दरभाउपत्र फारम खरिद गरी तपशिलमा उल्लेखित शर्तहरुका अधिनमा रही कवोल गरेको ठेक्का रकम अंक र अक्षरमा खुलाई दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**ठेक्काको शर्तहरु**

१. प्रचलित नेपाल कानून बमोजिम दर्ता भई प्रमाणपत्र लिएका फर्म वा कम्पनी संस्थाहरुले दरभाउपत्र फारम खरिद गरी सूचना बमोजिमको शर्तका आधारमा दाखिला गर्न पाउने छन् ।
२. दरभाउपत्र फारम खरिद गर्न आ.व. २०८०/०८१ मा नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र, आ.व. २०७९/०८० को आयकर चुक्ता प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि सहित दरभाउपत्र खरिदको निवेदन पेश गर्नुपर्नेछ ।
३. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र सिलबन्दी दरभाउपत्र फारम खरीद गरी १६ औ दिन को १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गरिसक्नुपर्ने छ । सो दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट हुनेछ ।
४. यसरी दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु १६ औ दिन को २:०० बजे कार्यालयको प्रतिनिधिहरु र सिलबन्दी दरभाउपत्र दाताहरुको रोहवरमा खोलिनेछ, तर सिलबन्दी दरभाउपत्र दाताहरु अनुपस्थित रहेमा पनि खोल्न बाधा पर्ने छैन ।
५. जसको नामबाट दरभाउपत्र खरिद गरिएको हो सोही फर्म वा कम्पनीको नामबाट मात्र दखिला गर्नुपर्ने छ । यस कार्यालयबाट प्रमाणित नभएका दरभाउपत्रलाई मान्यता दिइने छैन र सोको छाँयाप्रति पनि स्वीकार्य हुने छैन ।

नि. प्रमुख प्रशासकीय अधिकृत



yangwarakruralmun@gmail.com | www.facebook.com/yangwarak | www.yangwarakmunpanchthar.gov.np | ०२४-४१००४८, ०२४-४१००४९

CamScanner

६. दरभाउपत्र फाराममा आफुले कबोल गरेको दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । दरभाउपत्र फाराममा कबोल अंक भ्याट र कुल जम्मा लगायत उल्लेख गर्नुपर्ने सबै विवरण उल्लेख गर्नुपर्नेछ । सबै विवरण उल्लेख नगरिएको दरभाउपत्रलाई मान्यता दिइने छैन ।

७. सिलबन्दी दरभाउपत्र पेश गर्नेले नियमानुसार आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम याङवरक गाउँपालिकाको हिमालयन बैंक स्थित धरौटी खाता नं. २६१५१९५१५५००८२ मा नगद दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन मान्य अवधि रहेने गरी जारी गरेको छुट्टाछुट्टै बैंक जमानत पेश गर्नु पर्नेछ ।

८. ढुङ्गा, गिटी, वालुवा, ग्रावेल रोडा पुलको दायाँ बायाँ (Up Stream/ Down Stream) ५०० मिटर, वनक्षेत्रबाट संक्षिप्त वातरण अध्ययन प्रतिवेदनमा समावेश नभएको स्थानबाट निकाल्न र बिक्रि वितरण गर्न पाइने छैन ।

९. सिलबन्दी दरभाउपत्रबाट स्वीकृत ठेक्काको ठेक्का अवधि २०८१ असोज ०१ देखि २०८१ जेठ मसान्त सम्म ९ महिनाको रहनेछ ।

१०. ठेक्का कबोल रकम दुई किस्तामा बुझाउनुपर्नेछ । सम्पूर्ण ठेक्काको ५०% रकम एकमुष्ठ ठेक्का सम्झौताको बखत जम्मा गर्नुपर्ने छ । बाँकी ५०% दोस्रो किस्ता रकम २०८१ फागुन मसान्त भित्रै बुझाउनुपर्नेछ । प्रथम किस्ता बुझाई सम्झौता गर्न आउँदा स्वीकृत बाँकी रकम बराबरको २०८२ असार मसान्त सम्म म्याद भएको मान्यता प्राप्त बैंक जमानत (परफरमेन्स वण्ड) सम्झौता गर्दाको बखतमा नै पेश गर्नुपर्ने छ । कबोल अंक सम्झौताको बखतमा एकमुष्ठ जम्मा गरेमा १०% छुट हुनेछ । अन्य कुनै कारण देखाई कबोल अंकमा छुट माग गर्न पाइने छैन । नेपाल सरकारलाई बुझाउनुपर्ने म.अ.कर सम्झौता गर्नु पूर्व नै दाखिला गरी उक्त मु.अ.कर बुझाएको सक्कल भौचर पेश गर्नुपर्ने छ ।

११. संघीय सरकार, प्रदेश सरकार र याङवरक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशन पूर्णरुपमा पालना गर्नुपर्नेछ । ठेक्का सम्बन्धी कुनै विवाद उत्पन्न भएमा प्रचलित ऐन नियम तथा सम्झौताको परिधिभित्र रहि याङवरक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको निर्णय अन्तिम र मान्य हुनेछ, सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१२. न्यूनतम ठेक्का अंक भन्दा घटी कबोल गरी सिलबन्दी दरभाउपत्र पेश गर्न पाइने छैन, साथै ठेकेदारबाट कुनै शर्त राखिएको वा रीत नपुगेको सिलबन्दी दरभाउपत्र माथि कुनै कार्वाही गरिने छैन ।

१३. यस गाउँपालिकामा बक्यौता तिर्न बाँकी रहेको व्यक्ति, फर्म वा कम्पनीहरुले पुरानो बाँकी चुक्ता नगर्दा सम्म सिलबन्दी दरभाउपत्रमा भाग लिन पाउने छैन ।

प्रमुख प्रशासकीय अधिकृत


yangwarakruralmun@gmail.com www.facebook.com/yangwarak www.yangwarakmunpanchthar.gov.np ☎ ०२४-४१००४८, ०२४-४१००४९

CamScanner

१४. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचिलित कानून बमोजिम हुनेछ।

**ठेक्काको विवरण :**

| आन्तरीक आय बन्दोवस्त ठे.नं. | ठेक्काको किसिम | उत्खनन क्षेत्र | नदी वा खोला | न्यूनतम वार्षिक ठेक्का अंक २०८१/८२ (मु.अ.कर. बाहेक) | दरभाउपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| ०१/२०८१/०८२ | नदी जन्य पदार्थ (ढुङ्गा, गिटी, वालुवा, रोडा, ग्राभेल आदीको) विक्री कर | वडा नं. २ को दोभाने आसपास, सिलसिले आसपास, वडा नं. ३ को आँपडाँडा असपास र वडा नं. ४ को झोलुङ्गे आसपास | इवा खोला | रु.१२,०१,४०५।२० (बाह्र लाख एक हजार चार सय पाँच रुपैया विस पैसा) | रु.१,०००।० (एक हजार मात्र) | नियमानुसार |
| | | वडा नं. ४ को सिनाम जाने पक्की पुलको दायाँ बायाँ ५०० बाहेकको क्षेत्र र वडा नं. ६ को पिपले, धमिले आसपास | कावेली खोला | | | |

.................
मदन के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत